मिति २०७९।६।३१ गते राष्ट्रिय किसान आयोगको आयोजनामा कृषि विकासको लागि सरकारले प्रवाह गर्ने सेवा सुविधामा युवा, महिला र भूमिहीन कृषकहरुको पहुंच बृद्धि गर्नको लागि राष्ट्रियस्तरको कार्यशाला गोष्ठी राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालज्यूको अध्यक्षतामा राष्ट्रिय किसान आयोगका नि. सदस्य सचिव श्री दुर्गा प्रसाद पण्डितले कार्यक्रम संचालन गर्नु भएको थियो । कार्यक्रममा राष्ट्रिय किसान आयोगका सदस्यज्यूहरु, कृषि विभागका महानिर्देशकज्यू, कृषि विभागका उप-महानिर्देशकज्यूहरु, मानव अधिकार आयोगका प्रतिनिधि, राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रका बरिष्ठ कृषि अधिकृतज्यू, समशितोष्ण वागवानी विकास केन्द्रका प्रमुखज्यू, राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष, विभिन्न विषयगत सहकारी संघ, किसान संघ संगठन र संस्थाहरुका केन्द्रिय पदाधिकारी एवं प्रतिनिधिहरु, सातवटै प्रदेशबाट युवा, महिला र भूमिहीन कृषकहरुको प्रतिनिधत्व हुने गरी सहभागिता रहेको थियो । कार्यक्रममा कृषि विभागका उपमहानिर्देशक डा.शान्ता कार्कीबाट कृषि विकासको लागि सरकारले प्रवाह गर्ने सेवा सुविधामा महिला कृषकहरुको पहुंचको वर्तमान अवस्था र समाधानका उपायाहरु, कृषि विभागका उपमहानिर्देशक डा. हरि बहादुर के.सी.बाट कृषि विकासको लागि सरकारले प्रवाह गर्ने सेवा सुविधामा युवा कृषकहरुको पहुँचको वर्तमान अवस्था र समाधानका उपायाहरु र भूमि विज्ञ श्री जगत देउजाबाट कृषि विकासको लागि सरकारले प्रवाह गर्ने सेवा सुविधामा भूमिहीन कृषकहरुको पहुंचको वर्तमान अवस्था र समाधानका उपायाहरु सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।कार्यपत्र प्रस्तुति पछि सहभागीहरुबाट कार्यपत्र उपर जिज्ञासाहरु राख्नु भयो भने जिज्ञासाहरुलाइ कार्यपत्र प्रस्तोताबाट थप प्रष्ट पार्नु भयो । कार्यक्रमको अन्तमा कार्यक्रमका अध्यक्ष एवं राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालज्यूबाट सहभागीहरुलाइ धन्यवाद ज्ञापन गर्नुका साथै सहभागीहरुबाट प्राप्त सुझाबहरुलाइ कार्यन्वयन गर्न राष्ट्रिय किसान आयोगबाट प्रतिबद्धता जाहेर गरी किसान हकहितको लागि सम्पूर्ण किसान, संघ संगठनहरु एकताबद्ध भइ लाग्नु पर्ने कुरामा जोड दिंदै कार्यक्रम समापन गर्नु भयो ।


"समृद्ध नेपालको सान, अधिकार सम्पन्न किसान"
कृषि विकासका लागि सरकारले प्रवाह गर्ने सेवा सुविधामा महिला, यूवा,
भूमिहिन कृषकहरुको पहुँच बृद्धि बिषयक कार्यशाला गोष्ठी
स्थान: समशितोष्ण वागवानी केन्द्रको सभाहल, कीर्तिपुर
आयोजक
नेपाल सरकार
राष्ट्रिय किसान आयोग
कीर्तिपुर, काठमाडौँ
www.nfc.gov.np
nfcnepal2017@gmail.com
मिति: २०७९/०६/३१ गते
















AQUA







